# संघीय संसद
# प्रतिनिधि सभा

**पाँचौं अधिवेशन**

**बैठक संख्या - १५**

## दैनिक कार्यसूची

२०७६ फागुन ६ गते

**मंगलबार**

दिनको १:०० बजे

**प्रश्नोत्तर**

१. यसैसाथ संलग्न सूचीमा रहेको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी मौखिक प्रश्नहरु सोधिने र तिनको उत्तर दिइने ।

**राष्ट्रपतिको कार्यालयको पत्र**

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् पुर्नगठन सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**सन्देश टेबुल**

३. "मिडिया काउन्सिल विधेयक, २०७५" र "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको (पार्लेमो अभिसन्धि)" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गरिने ।

**प्रतिवेदन पेश**

४. सार्वजनिक लेखा समितिका मा० सभापति श्री भरतकुमार शाहले "सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७६ " पेश गर्नुहुने ।

**व्यवस्थापन कार्य**

५. मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरलेले :-

(क) "सैनिक (पहिलो संशोधन) विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ख) "सैनिक (पहिलो संशोधन) विधेयक, २०७६" पेश गर्नुहुने ।

६. मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले :-

(क) "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ख) "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" पेश गर्नुहुने ।

**शोक प्रस्ताव**

७. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट गुल्मी जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, तत्कालिन मानव अधिकार तथा परराष्ट्र समितिका सभापति, लोकतान्त्रिक आन्दोलनका योद्धा एवं नेपाली काँग्रेसका अग्रज, निष्ठावान र समाजसेवी नेता भागवत ज्ञवालीको ७५ वर्षको उमेरमा मिति २०७६ साल फागुन ६ गते मंगलबार उपचारको क्रममा ललितपुरस्थित अल्का अस्पतालमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव